# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/३/१९ गते शुक्रवार देखि २०६६/३/२५ गते बिहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८६ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४५०२ कारोबारबाट ३८ करोड २३ लाख १३ हजार रुपैयाँ बराबरका ९ लाख ३ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १७.३६ प्रतिशतले ह्रास भएको हो । गत साता ४५४७ शेयर कारोबारबाट ४६ करोड २६ लाख १९ हजार रुपैयाँ बराबरका १९ लाख ६३ हजार ७ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबारमध्ये 'क' वर्गका कम्पनीहरुको मात्र १६ करोड ९६ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४४.३६ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २७.७२ अंकले वृद्धि भई अन्तिम दिन ७०२.८८ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६९५.७७ | ४३४.३२ | ३६७.४२ | ६५३.२४ | ९१५.४४ | २९५.८३ | ६३०.९० | ६७४.२९ | ७०८.५५ | ६७५.१६ | १७९.१० | ६४.६६ |
| दोस्रो | ६९७.४२ | ४३४.३२ | ३६७.४२ | ६५२.०७ | ९०४.०९ | २९५.८३ | ६२९.३१ | ६७५.३७ | ७१९.२८ | ६७६.१४ | १७९.५६ | ६४.७४ |
| तेस्रो | ७११.०३ | ४३४.३२ | ३६७.४२ | ६५५.५९ | ९१६.५५ | २९५.८३ | ६३०.५६ | ६७७.५३ | ७२८.१६ | ६८५.५५ | १८२.७९ | ६५.६९ |
| चौथो | ७२९.८७ | ४३४.३२ | ३६७.४२ | ६५२.०७ | ९१२.७४ | २९५.८३ | ६२७.४० | ६७९.३३ | ७४०.४४ | ६९६.१६ | १८६.४८ | ६६.९४ |
| पाँचौं | ७३६.५७ | ४३४.३२ | ३६७.४२ | ६६३.८१ | ९१९.१८ | २९५.८३ | ६३१.१३ | ६८२.०१ | ७४४.६६ | ७०२.८८ | १८८.०९ | ६७.४७ |
| परिवर्तन | ४०.८० | ०.०० | ०.०० | १०.५७ | ३.७४ | ०.०० | ०.२३ | ७.७२ | ३६.११ | २७.७२ | ८.९९ | २.८१ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ८.९९ अंकले वृद्धि भई १८८.०९ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (६ करोड २३ लाख रुपैयाँ) तथा शेयर संख्या (२ लाख ४९ हजार कित्ता) को आधारमा नेपाल वंगलादेश बैंक र कारोबार संख्या (८९५ वटा) को आधारमा पशुपती विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल बंगलादेश बैंक | ६२.३७ |
| २ | बैंक अफ काठमाण्डू | ३६.८६ |
| ३ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक | ३६.८५ |
| ४ | आई.एम.ई फाइनास | १९.५९ |
| ५ | नेशनल हाइड्रो पावर कम्पनी | १८.९२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।